DOI: https://doi.org/10.3126/cognition.v6i1.64464

# *उर्गेनको घोडा* उपन्यासमा वर्चस्वविरुद्ध जनजातीय प्रतिरोधको चेतना

## (Consciousness of tribal resistance against hegemony in the novel *Urgen's Horse*)

**असमान लामा**[१]

***लेखसार***

*प्रस्तुत लेखमा युग पाठकद्वारा लिखित 'उर्गेनको घोडा' उपन्यासमा वर्चस्वविरुद्ध जनजातीय प्रतिरोधको चेतनाको अध्ययन गरिएको छ । यसका लागि पाश्चात्य समालोचना सिद्धान्तका रूपमा प्रचलित ग्राम्सीको वर्चस्वको मान्यता र फुकोको प्रतिरोधको सिद्धान्तलाई विश्लेषणको आधार बनाइएको छ । यो अध्ययन 'उर्गेनको घोडा' उपन्यासमा अभिव्यक्त जनजातीय प्रतिरोधको चेतनामा आधारित छ । यो अध्ययन 'उर्गेनको घोडा' उपन्यासमा जनजातीय प्रतिरोधको चेतना के कस्तो छ भन्ने समस्यामा केन्द्रित छ । यस समस्याको समाधानका लागि सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यो अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले समस्या समाधानका निम्ति पाठात्मकविश्लेषण विधिको प्रयोग गरिएको छ । यस अध्ययनका लागि जनजातीय प्रतिरोधको चेतनालाई विश्लेषणको आधार बनाइएको छ । यस अध्ययनको निष्कर्षमा युग पाठकको 'उर्गेनको घोडा' उपन्यासमा जनजातीय इतिहास र पहिचानको चेतनाबाट जनजातीय प्रतिरोधको चेतना सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ । इतिहासदेखि नै शासकहरूबाट हेपिएका, चेपिएका र किनारामा पारिएका तामाङहरूले प्रतिरोध गरेको विषयलाई उठान गरेर प्रतिरोधको चेतना सम्प्रेषण गर्न सक्नु नै यस उपन्यासको प्राप्ति हो र साथै यस अध्ययनको पनि प्राप्ति हो ।*

**मुख्य शब्दावली** : वर्चस्व, प्रतिरोध, प्रभुत्व, मिथक

### १. विषयपरिचय

*उर्गेनको घोडा* युग पाठकद्वारा माओवादी द्वन्द्वको पृष्ठभूमिमा लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा पाठकले काठमाडौँ वरपरका ठाउँहरूमा बसोवास गर्ने तामाङ जातिको इतिहास र यथार्थलाई प्रस्तुत गरेका छन् । शासकीय वर्चस्वका कारण किनारामा पारिएकाहरूको आवाजलाई बुलन्द बनाउनु उपन्यासकार पाठकको उपन्यासलेखनको वैशिष्ट्य नै हो । यस उपन्यासमा मिथकलाई जोड्दै र माओवादी जनयुद्धको परिवेश र सन्दर्भलाई प्रस्तुत गर्दै शासकीय वर्चस्वका विरुद्ध सशक्त रूपमा प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ । उपन्यासका मुख्य पात्रहरूका माध्यमबाट प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ । उपन्यासमा स्थानीय स्तरमै पनि स्थानीय शासक र साहुहरूले दमन गरेपछि सर्वसाधारणमा प्रतिरोधको चेतना विकास भएको देखिएकाले यसमा प्रतिरोधको चेतनाको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

१. ईमेलः asmanlama2020@gmail.com

*Received on Sept. 20, 2023 Accepted on Dec. 15, 2023 Published on Jan. 31, 2024*

वर्चस्वको मान्यता इटालीका मार्क्सवादी विद्वान् एन्टोनियो ग्राम्सीको मान्यता हो । ग्राम्सीका मान्यताअनुसार समाजमा राजनीतिको मूलधार हुन्छ र सत्तापक्ष हुन्छ । त्यसले समाजमा आफ्नो राजनीतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक प्रभुत्वशाली संस्कृतिले अधीनस्थ संस्कृतिमाथि प्रभुत्व कायम गर्दछ र अन्याय र अत्याचार गर्दछ । त्यसैगरी प्रस्तुत अध्ययनका लागि फुकोको प्रतिरोधको मान्यताको उपयोग गरिएको छ । प्रतिरोधको मान्यताअनुसार समाजमा सत्ताको वर्चस्वलाई उदीयमान समुदायले आफ्नो पहिचानको निर्माणका लागि प्रतिरोध गर्दछ । प्रस्तुत अध्ययन *उर्गेनको घोडा* उपन्यासमा शासकीय वर्चस्वका विरुद्ध जनजातीय प्रतिरोधको चेतना के कस्तो छ भन्ने शोधप्रश्नमा आधारित रहेको छ र यही शोधप्रश्नको प्राज्ञिक समाधान गर्नु नै यस लेखको प्रमुख उद्धेश्य रहेको छ । यसै उद्धेश्य प्राप्तिका लागि वर्चस्व र प्रतिरोधको चेतनालाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ ।

## २. अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । युग पाठकको *उर्गेनको घोडा* उपन्यास र यसमा प्रयुक्त जनजातीय पात्र, घटना, परिवेशलाई प्राथमिक स्रोतसामग्रीका रूपमा लिइएको छ । यसरी लिइएको सामग्रीबाट प्राप्त तथ्यहरूको विश्लेषण र मूल्याङ्कनका गरी निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितियक सामग्रीको सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले सङ्कलित सामग्रीको विश्लेषणका लागि पाठात्मक विश्लेषण विधिको उपयोग गरिएको छ । त्यस विश्लेषणका लागि ग्राम्सीको वर्चस्व र फुकोको प्रतिरोधसम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा लिई निगमन विधिद्वारा सामग्रीको अर्थापन गरिएको छ ।

## ३. प्रतिरोधको चेतनासम्बन्धी अवधारणा

जनजातीय चेतनाको अध्ययनमा वर्चस्व अर्थात् प्रभुत्वको अवधारणा महत्त्वपूर्ण मानिन्छ । राजनीतिक र प्रयोगका सन्दर्भमा प्रभुत्व नयाँ शब्द हो । ग्रिक हेजेमोनबाट व्युत्पत्ति भएको यस शब्दको अर्थ नेता, निर्देशक वा शासक भन्ने हुन्छ । प्रभुत्व शब्दलाई बीसौँ शताब्दका मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीले प्रयोगमा ल्याएका हुन् । उनले समकालीन पुँजीवादी समाजमा शासक वर्गले कसरी आफ्नो नियन्त्रण राख्दछ भन्ने कुराको वर्णन गर्ने क्रममा हेजेमोनीको प्रयोग गरेका हुन् (भट्टराई, २०७७, पृ : ३४४) । यसअनुसार शासक वर्गले निम्न वर्गमाथि नियन्त्रण गर्दछ । विचार र सांस्कृतिक प्रक्रियाका माध्यमबाट शासकले शासन गर्दछ । जनजातिहरूमाथि पनि शासक वर्गले वर्चस्व कायम गर्दछ । तर शासकीय वर्गको वर्चस्वप्रति सङ्घर्ष र प्रतिरोध गरेको यथार्थ साहित्यमा पाइन्छ । त्यसकारण शासकीय वर्चस्वको अस्वीकार जनजातीय चेतनाको मूलभूत विशेषता नै हो । प्रभुत्वले विचारधारामार्फत् आफू अनुकूल संस्कार र चेतना निर्माणको त्यस्तो अवस्थालाई जनाउँदछ जहाँ मानिसमा आलोचनात्मक चेतना समाप्त हुन्छ र उसले आफूमाथिको उत्पीडन र राज्य एवं शासनप्रणालीको दमनात्मक रूपलाई वैधता प्रदान गर्दछ (गिरी, २०७७, पृ : ३०) । यसअनुसार वर्चस्वले मानिसहरूको आलोचनात्मक चेतना समाप्त गरेर शासन गर्दछ ।

जनजातीय चेतनाको अध्ययनमा प्रतिरोधको अवधारणा पनि महत्त्वपूर्ण मानिन्छ । जनजातिहरू वर्षौंदेखि दमित हुँदै आएकाले जनजातिसँग सम्बन्धित साहित्यमा प्रतिरोधको चेतना उठान गरेको पाइन्छ । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्दछ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेरिनुपर्दछ (उप्रेती, २०६३ पृ. ४१) । फुकोले प्रतिरोधको चेतनालाई शक्तिको अभ्याससँग जोडेर हेरेका छन् । शक्ति अभ्यासकै कारण सांस्कृतिक समुदायको निर्माण हुने र वर्चस्वशाली सांस्कृतिक समुदायमाथि अधीनस्थ सांस्कृतिक समुदायले प्रतिरोध गर्ने विचार फुकोको विचारमा प्रस्तुत भएको पाइन्छ । घनश्याम ढकाल (२०६७) का अनुसार सत्ताले व्यक्तित्वको निर्माण गर्दछ र व्यक्ति सत्ताको माध्यम हो । सत्ता भएको ठाउँमा नै प्रतिरोध हुन्छ र प्रतिरोधबिना सत्ताको अस्तित्व हुँदैन । सत्ता प्रतिरोध सङ्गठित गर्ने कुनै प्रस्थान बिन्दु छैन । प्रतिरोध बहुल, स्थानिक र क्षणिक किसिमको हुन्छ (पृ.१९८) । यसअनुसार प्रतिरोधको सिर्जना सत्ताकै शक्तिको अभ्यास र व्यवहारले गर्दछ । यसरी प्रस्तुत अध्ययनमा ग्राम्सीको वर्चस्वको मान्यता र फुकोको प्रतिरोधसम्बन्धी मान्यतालाई उपयोग गरी 'उर्गेनको घोडा' उपन्यासको विश्लेषण गरिएको छ ।

### ४. *उर्गेनको घोडा* उपन्यासमा वर्चस्वविरुद्ध प्रतिरोध

*उर्गेनको घोडा* उपन्यासमा जनजातीय प्रतिरोधको चेतना अभिव्ययक्त भएको पाइन्छ । उपन्यासमा जनजातीय मिथकलाई जोड्दै माओवादी जनयुद्धलाई जोडिएकाले यसमा शासकीय वर्चस्वका विरुद्ध सशक्त रूपमा प्रतिरोधको चेतना मुखरित भएको देखिन्छ । उपन्यासका मुख्य पात्रहरूका माध्यमबाट प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ । स्थानीय स्तरमै पनि स्थानीय शासक र साहुहरूले दमन गरेपछि सर्वसाधारणमा प्रतिरोधको चेतना विकास भएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासको पात्र डल्ले दाइले आफ्ना पितापुर्खादेखि साहुको हली बस्दै आएको, आफूहरू शोषणमा परेको, इन्डिया भासेर केही पैसाको जोहो गरेर पाखो बारी किनेर बसेपनि साहुले आँखा लगाएको, त्यही बेला माओवादीहरूको युद्ध सुरुभएको र राज्यका प्रहरीले दमन गरेपछि प्रतिरोध स्वरूप युद्धमा होमिएको विषय यसरी प्रस्तुत गर्दछ : "क्रान्तिकारीले चौकी हान्दिएपछि त सबै कुरा बद्लियो । पुलिसले समातेर मर्ने गरी चुट्यो । मर्‍यो भनेर खोल्सामा फाल्दिएको रहेछ, मेरो भाग्यले बाँचें । क्रान्तिकारीले उपचार गरे । अनि त घर फर्किने कुरै भएन । भूमिगत नभए मरिन्थ्यो, मर्नुभन्दा लड्नु जाती, हैन त ? (पृ. ३२) ।'' यहाँ शासकीय वर्चस्वविरुद्ध प्रतिरोधको चेतनालाई प्रस्तुत गरिएको छ । माओवादी युद्धको परिवेशमा सर्वसाधारणमाथि कुटपिट र बर्बर दमन भएपछिको प्रतिरोध गरेको कुरा डल्ले दाइले अभिव्यक्त गरेको छ । निरङ्कुश सत्ता र राज्यको नीति सधैँ दमनकारी हुन्छ । जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोधी चेतनाको विकास हुन्छ । स्थानीय साहुको दमन र उसैमाथि सत्ताका सिपाहीहरूले मरणासन्न हुने गरी कुटेर खोल्सामा फ्याँकिएपछि डल्ले मगरले प्रतिरोध गर्दै युद्धमा होमिएको कुरा प्रस्तुत गरिएको छ । उसले मर्नुभन्दा युद्धमा लड्नु जाति हो भन्ने अभिव्यक्ति दिएबाट उसको प्रतिरोधको चेतना पुष्टि हुन्छ । यथार्थमा पनि तत्कालीन परिवेशमा सत्ताका प्रहरीहरूले पनि निर्दोष सर्वसाधारण जनतामाथि बर्बर दमन र कुटपिट र ज्यानै लिनेसम्मका कार्यहरू गरेका थिए । त्यसैका प्रतिरोधका रूपमा पनि सर्वसाधारण युद्धमा होमिएका थिए भन्ने तथ्यलाई डल्ले दाइको अभिव्यक्तिबाट पुष्टि हुन्छ ।

*उर्गेनको घोडा* उपन्यासमा वर्गीय मुक्तिका लागि भन्दै युद्धमा होमिएकी म्हेन्दो याबेङ खोलामा पुगेपछि उसलाई जातीय पहिचान र इतिहासबोध भएको छ। गाउँका एकजना बाले याबेङ खोला र तामाङ जातिको राजाको इतिहास बताएपछि उसमा जातीय चेतना बोध भएको र प्रतिरोध चेतना प्रस्फुटन भएको छ : "अहँ, हामी जातैले कायर होइनौँ, हामी पनि लड्न सक्छौँ। हामी भरिया मात्र होइनौँ, हाम्रो पनि स्वाभिमान छ, स्वतन्त्र जीवन छ। हामी पनि हेपिएर बस्न सक्दैनौँ (पृ. ५६)।" तामाङ जातिलाई राज्यले दमन गरी किनारामा पारिएकामा प्रतिरोधको चेतना जागृत भएको छ। आफ्ना जाति जातैले कायर नभएको, आफूहरू लड्न पनि सक्षम रहेको र आफ्ना जातिलाई भरियाभन्दा माथि उठ्न नदिएकामा आक्रोश र प्रतिरोधको चेतना अभिव्यक्त हुन पुगेको छ। तामाङहरू पनि स्वाभिमान छन्, उनीहरूको पनि जीवन स्वतन्त्र छ, र अब आफूहरू हेपिएर बस्न नसक्ने भन्दै उसमा प्रतिरोधको चेतना जागृत भएको छ। प्रतिरोधको चेतना कि त ठक्कर खानै पर्छ कि त ठक्कर दिएर प्राप्त हुन्छ जसरी चकमकबाट आगो निकाल्न पनि घोट्नुपर्छ त्यसरी नै सर्वसाधारणमा प्रतिरोधको चेतना जगाउनका लागि उनीहरूको मस्तिष्कमा ठक्कर दिने अर्थात् चेतना दिने मानिसको आवश्यकता पर्दछ। उपन्यासमा रूपचनले उत्पीडित तामाङहरूमा प्रतिरोधको चेतना विकास गर्ने प्रयास गरेको कुरा यसरी अभिव्यक्त भएको छ :

> रूपचनले भाषण टुङ्ग्याउँदै भने, "अल्छी, लुटाहाहरू शासनमा, दिनरात काम गर्ने गरिबहरू धुलोमा, यस्तो उल्टो व्यवस्था चल्यो। यस्तो व्यवस्था चकनाचुर पारेर गरिबको व्यवस्था ल्याउनुपर्छ। जालीफटाहा गरिबमाराको जगजगी खत्तम पार्न'पर्छ। झुत्रेझाम्रे, खेताला, हलीगोठाला, मजदुर, आइमाई उठेभने यो गरिबमारा व्यवस्था ध्वस्त हुन्छ। तिमेरुलाई आफैभित्रको शक्ति थाहा छैन, थाहा लेऊ, थाहा देऊ। तिमेरु जुट्यौ भने यो जालीफटाहाको व्यवस्था ढल्छ।" (पृ. ६९)

प्रस्तुत दृष्टांशमा शासकहरू खराब रहेको यथार्थलाई प्रस्तुत गरिएको छ। अल्छी र लुटाहा शासकहरू सत्तामा मनलाग्दो गरिरहेको र दिनरात कामगर्ने गरिब जनताहरू धुलोमैलोमा काम गरिरहेको भन्दै शासकहरूको हाइसन्चो अवस्था र गरिबहरूको दुःखदायी अवस्थाको वर्णन गरिएको छ। देशमा सुशासन नभई कुशासन रहेको यथार्थलाई प्रस्तुत गरिएको छ। जालीफटाहा शासकहरूको जगजगीले थिलथिलो भएका गरिबहरूले आफ्नो असली शक्ति पहिचान गर्न नसकेकोमा आक्रोश व्यक्त गरिएको छ। झुत्रेझामे, खेताला, हलीगोठाला, मजदुर र आइमाईहरूले आफूलाई चिन्दै उठे भने गरिबमारा व्यवस्थाको अन्त्य हुन्छ भन्दै रूपचनले प्रतिरोधको चेतना अभिव्यक्त गरेको छ। अत्याचारी शासकहरूको अन्त्याचारयुक्त शासन व्यवस्थालाई पल्टाएर मात्र गरिबहरूको दिन फिर्ने हुनाले गरिब, मजदुर तथा हेपिएकाहरू एकजुट भएर गरिबमारा व्यवस्थाविरुद्ध लड्नुपर्ने विचार अभिव्यक्त गरिएको छ। शासकीय अत्याचार बढ्दै जाँदा समाजमा प्रतिरोधको चेतना विकास हुँदै गएको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> अत्यन्त गरिब, उत्पीडित र पिछडिएको तामाङको बस्तीमा "थाहा" डढेलो जस्तो फैलिन थाल्यो। त्यो डढेलो सल्किएको पहिलो हाँगो थियो, फुर्वा तामाङ वाइबा। इचोङमा रूपचनको पहिलो भाषण सुन्ना साथ "थाहा सहकर्मी" भएर ऊ रूपचनसँगै हिँड्यो। (पृ. ६९)

प्रस्तुत दृष्टांशमा तामाङहरूमा पहिचानको चेतना विकास भइरहेको विषयलाई अभिव्यक्त गरिएको छ। अत्यन्त गरिब, उत्पीडित, र पिछडिएका तामाङहरूमा चेतनाको लहर फैलिँदै गएको, चेतनाको लहरले पहिलो पटक फुर्वा तामाङलाई छोएको  र अरुहरूमा पनि क्रमिक रूपमा सर्दै गएको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ। रूपचनले पहिचान र प्रतिरोधको चेतना जगाएकाले फुर्वा तामाङ थाहा सहकर्मी भएर हिँड्नु भनेको ऊभित्र प्रतिरोधको चेतना विकास हुनु हो भन्ने पुष्टि हुन्छ।

*उर्गेनको घोडा* उपन्यासमा आफ्नो जातीय इतिहास र पहिचानको बोध सँगै फुर्वामा प्रतिरोधको चेतनाको ज्वार फुटेको छ। उसमा बेचैनी बढेको छ र ऊ भित्रभित्रै आक्रोशित बनको छ। इतिहासमै वीर लडाकु जातिलाई भरिया बनाइएकामा ऊ भित्रभित्रै मुर्मुरिएको छ। आफ्नो गौरवपूर्ण इतिहास नामेट भएको थाहा पाएर ऊभित्र प्रतिरोधको ज्वाला दन्केर ऊ कराउन थाल्छ : "तामाङला इतिहास हाई (तामाङको इतिहास खोई ?)" ऊ लाटोकोसेरोझैँ एक्लै करायो र जुरुक्क उठ्यो (पृ. ८१)। यस दृष्टांशमा तामाङको इतिहास खोई ? भनी जोडले चिच्याउँदै प्रश्न गर्नु प्रतिरोधको चेतना हो। प्रश्न गर्न पनि चेतनाको आवश्यकता पर्दछ। चेतना नै छैन भने प्रश्न गर्न सक्दैन। फुर्वामा आएको चेतनाले उसमा प्रश्न जन्मेको छ।

*उर्गेनको घोडा* उपन्यासमा म्हेन्दोको पाटीले तामसालिङ क्षेत्रमा जनजागरण अभियान सञ्चालन गरेको कुरा वर्णन गरिएको छ। तामसालिङ क्षेत्रमा जाँदा ऊ उत्साहित भएको विषयलाई उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> पार्टीले तामसालिङ विशेष जनजागरण अभियान सञ्चालन गरेको थियो। म्हेन्दोका निम्ति यो सुनौलो अवसर जस्तो भयो। उसलाई आबालाई बारम्बार याद आउँथ्यो। उनले यो आदिभूमिमा पनि टेकेका थिए भन्ने अनुभूतिले मात्र पनि उसलाई उद्वेलित पार्थ्यो। तामाङ गाउँमा उसले सेतो घोडाको फौज दौडाएकी थिई। तामाङहरू बिस्तारै विचार गर्न लागेका थिए, ताम्सालिङ आदिभूमिको खोज भनेको आत्मसम्मानको खोज हो। भोटे जाति भनेर ठूलाठूलाले हेप्दैमा कहाँ हेपिनु कहाँसम्मानको खोज हो। भोटे जाति भनेर ठूलाठूलाले भन्दैमा हेपिनु कहाँसम्म उचित थियो ? भुसको आगो सल्कँदै थियो, भित्रभित्रै, भर्भराउँदो आगो। (पृ. १२३)

प्रस्तुत दृष्टांशमा म्हेन्दोलाई बारम्बार आफ्ना बुबा फुर्वाको याद आउनु, आदिभूमिमा पाइला टेक्दा उद्वेलित हुनु, तामसालिङ आदिभूमिको खोज भनेको आत्मसम्मानको खोज भएको, भोटे जाति भनेर ठुलाठालु जातिले हेप्नु उचित नभएको भनी मनमा प्रश्न उठाउनुले प्रतिरोधको चेतना अभिव्यक्त भएको छ। तामसालिङ क्षेत्रमा जागरण अभियान सञ्चालन गर्दै जाँदा बुबाको यादले पनि उसमा प्रतिरोधको चेतना जागृत भएको छ। तामाङहरूले आदिभूमि खोज्नुपर्ने विचार मनमा आउनुले पनि उसमा प्रतिरोधको चेतना प्रबल रूपमा उठ्दै गएको पुष्टि हुन्छ।

*उर्गेनको घोडा* उपन्यासमा शासक वर्गविरुद्ध प्रतिरोध अभिव्यक्त भएको छ। माओवादी युद्धको सन्दर्भलाई प्रस्तुत गर्दै कमान्डरले आफ्ना माओवादी सेनालाई प्रतिरोधको चेतना भर्दै गरेको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

> साथीहरू, जनमुक्तिसेनाका बहादुर योद्धाहरू पनि यही माटाका उब्जेका थिए र हामी इतिहासको त्यो अधुरो मिसन पूरा गर्ने लडाइँमा लाम लागेका छौँ," कमाण्डर बोल्दै थियो, "महान् एवम् गौरवशाली जनयुद्ध यति बेला ऐतिहासिक मोडमा छ। जनमुक्ति सेनाको काँधमा सर्वहारावर्गको मुक्तिका लागि लड्नै पर्ने र जित्नै पर्ने अभिभारा आएको छ। दुस्मनले सङ्कटकाल लगाएर जनताको जति सङ्ख्यामा हत्या गरेको छ, त्यसको बदला लिएर मात्र हामी फर्कनेछौँ । जनमुक्ति सेनाको जित सुनिश्चित छ। (पृ. १५६)

प्रस्तुत दृष्टांशमा शासकीय अन्याय र अत्याचारका विरुद्ध वर्गीय युद्ध लडिरहेको सन्दर्भ प्रस्तुत गर्दै सर्वहाराको मुक्तिका लागि लडाइँ लड्नै पर्ने र जित्नै पर्ने विषयलाई प्रस्तुत गरिएको छ। सत्ताले सङ्कटकाल लगाएर निमुखा र निर्दोष जनताको हत्या गरेकाले त्यसको बदला लिनुपर्ने विचार कमान्डरद्वारा प्रस्तुत गरिएको छ र बदला लिएर मात्र फर्कने प्रण गर्दै जनमुक्ति सेनाको जित सुनिश्चित रहेको विचार अभिव्यक्त गरिएको छ। जनयुद्धकै क्रममा माओवादी सेना बलिदानले प्रतिरोधलाई उपन्यासमा यसरी अभिव्यक्ति दिएको छ : "तिमेरु सप्पैभन्दा पहिला म सहिद हुन्छु। दुस्मनलाई भकाभक ढालेर अघि बढेपछि मलाई कसले रोक्न सक्छ ? "(पृः १६०)। बलिदानले यहाँ सबैभन्दा पहिला आफू सहिद हुन तयार रहेको विचार प्रस्तुत गरेको छ। दुष्मनलाई भकाभक ढालेर अघि बढेमा आफूलाई कसैले रोक्न नसक्ने भन्दै उसका अभिव्यक्तिहरूमा शासकीय बर्बरता र अन्यायका विरुद्धमा प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ।

*उर्गेनको घोडा* उपन्यासमा म्हेन्दोले तामाङ म्हेमेसँगको संवादका क्रममा प्रतिरोधको चेतना अभिव्यक्त गरेकी छ। उसले तामाङ जातिको इतिहास र स्वाभिमानका लागि आफूहरूले युद्ध लडिरहेको अभिव्यक्ति यसरी दिएकी छ :

> धेरै वर्षअघि तामाङ लडाकू जाति थियो, कसैसँग झुकेको थिएन। सोझो जात भएकाले तामाङलाई छल गरेर भीरपहरातिर खेद्ने राजाको सन्तान अहिले याम्बुमा ठूलो दरबारभित्र बस्छ। त्यही शासन ढालेर तामाङको स्वभिमान जोगाउन हामी युद्ध लड्दै छौँ। (पृ. १६७)

प्रस्तुत दृष्टांशमा तामाङ जातिलाई इतिहासदेखि नै लडाकु जाति रहेको चित्रण गरिएको छ। तामाङहरू वीर र लडाकु भएपनि उनीहरू सोझा थिए। सोझा तामाङहरूलाई छलपूर्वक याम्बुबाट खेदेर भीरपहरामा पुऱ्याएर खस राजाहरूले शासन सत्ता सञ्चालन गरेकाले राजाको निरङ्कुश शासनलाई ढालेर तामाङहरूको गुमेको इतिहास र स्वाभिमान जोगाउन युद्ध लडिरहेको यथार्थ प्रस्तुत गरिएको छ र शासकीय वर्चस्वका विरुद्धमा प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ।

*उर्गेनको घोडा* उपन्यासमा विभिन्न सन्दर्भमा प्रतिरोधको चेतना मुखरित भएको पाइन्छ। उपन्यासकी पात्र म्हेन्दोलाई तामाङ म्हेमेले राजासँग लडेर तामाङहरूको देश आउँछ त भन्ने जिज्ञासामा म्हेन्दोले राजासँग लडेर आफूहरूको छुट्टै राज्य आउने विश्वास दिलाउँदै भन्छे :

> अलग्गै देश त आउँदैन, म्हेमे। नेपालभित्रै हाम्रो अलग राज्य हुन्छ। हाम्रो भाषा, संस्कृति, पहिचान र हाम्रो इज्जत फिर्ता ल्याउने हो। राजा भनेको टाठाबाठाको नेता हो। राजाको सत्ता हटाएर अर्को राजा ल्याउनु भनेको के काम ? अब हामी आफैले विकास गर्ने, आफ्नो

> शासन चलाउने, आफैले नियम बनाउने, आफैले विकास गर्ने र आफ्नो खुट्टामा आफै उभिने भनेको हो । गरिबको शासन, सर्वहारा वर्गको शासन ल्याउने कुरा राम्रो छैन त ? (पृ. १६८)

प्रस्तुत दृष्टांशमा म्हेन्दोका माध्यमबाट प्रतिरोधको चेतना अभिव्यक्त भएको देखिन्छ । तामाङहरूको भाषा, संस्कृति, पहिचान र इज्जत राजा र टाठाबाठा शासकहरूले पाखा लगाएकाले तामाङका तिनै पहिचानलाई फिर्ता ल्याउन युद्धमा होमिएको कुरा म्हेन्दोमार्फत् प्रस्तुत भएको छ । देशमा विकास नगर्ने र निरङ्कुश शासन चलाउने राजाहरूको औचित्य समाप्त भएकाले अब आफैले नियम बनाएर आफ्नो देशको, जातिको, समाज र संस्कृतिको विकास आफै गर्ने भनी उद्घोष गर्नु प्रतिरोध चेतनाको ज्वलन्त अभिव्यक्ति भएको प्रस्ट हुन्छ । यसैगरी उपन्यासमा पेमा दोर्जे पाख्रिन अर्थात् सङ्घर्ष दाइ युद्धमा होमिएको विषयलाई वर्णन गरिएको छ । शासकहरूले आफ्नो वर्ग र जातिमाथि अन्याय गरेकाले वर्गीय र जातीय मुक्तिका लागि सङ्घर्ष दाइ युद्धमा लागेको प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> पार्टीमा कसैको जात हुँदैन । त्यसैले सङ्घर्ष दाइ एक जना क्रान्तिकारी थिए तर जति बेला उनी पेमादोर्जे पाख्रिन थिए, प्राचीन इतिहासको अलिखित दस्तावेजमा पोखिएको पुर्खाको रगत बग्दाबग्दै आएर उनलाई लडाइँ लड्न उत्प्रेरित गरेको थियो । किशोर पेमाले कम्युनिस्ट आन्दोलन रोज्यो । बूढीऔँला ब्लेडले चिरेर रगतको सहीछाप गर्‍यो र तामाङ जातिले सहेको पराजयको घाउ, पराजित जातिले भोगेको विस्थापनको पीडा, दमनको दुःख अनि आफ्नै माटोमा अपमान र लघुताबोधले किचिनुपरेको वेदना, पूरै नश्ल पिछडिएको व्यथा, सबैसबै अत्याचारका विरुद्ध हतियार उठाउने पहिलो छापामार आफै बन्यो । (पृ. १७५)

प्रस्तुत दृष्टांशमा सङ्घर्ष दाइले आफ्ना पुर्खाहरूकै अलिखित इतिहासको दस्तावेजबाट प्रतिरोध गर्ने चेतना प्राप्त गरेको वर्णन गरिएको छ । विगतमा पुर्खाहरूले धेरै रगत बगाएको तर इतिहास नामेट पारिएको र पुर्खाको वीरताले नै लड्न पेरित भएर युद्धमा होमिएको वर्णन गर्दै प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ । तामाङ जातिले छलपूर्वक बेहोरेको पराजयको घाउ, पराजित जातिले भोग्नु परेको विस्थापनको पीडा, दमनको दुःख अनि आफ्नै माटोमा अपमान र लघुताबोधले थिचिँदाको वेदना र पूरै आफ्नो जातिको पिछडिएको बोध गर्दै अत्याचारका विरुद्ध तामाङ जातिबाट पहिलो पटक हतियार उठाएर प्रतिरोधमा लागेको वर्णन गर्दै शासकीय वर्चस्वका विरुद्ध प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ । यसैगरी सङ्घर्ष दाइले म्हेन्दोलाई समेत आफ्ना जाति इतिहासमा कहिल्यै कायर नरहेको भन्दै आफ्नो जातीय इतिहास र गौरवको राजाका दरबारबाट हटाउनुपर्ने अभिव्यक्ति यसरी दिएको छ :

> सङ्घर्ष दाइ मलाई कानमा भन्दै थिए, "हाम्रो जाति लाचार, भगुवा र काँतर हुन सक्दैन । लड्नु, निर्णय भएर लड्नु, इतिहास निर्माण गरेरै मात्र सहिद हुनू तर कायर कहिल्यै नहुनू । इतिहासमा हामीले पनि लडाइँ जितेका छौँ । याम्बुको राजदरबार कब्जा गर्नू र राजालाई गलहत्याएर निकालेपछि मात्र थकाइ मार्नू । सबै जाति मिलेर लड्नु र सबै जातिका निम्ति गौरवशाली संसार बनाउनू । कहिल्यै हारेर नफर्कनू है, जनसेनाले कहिल्यै हार्दैन । (पृ. १८०)

प्रस्तुत दृष्टांशमा तामाङ जातिलाई लाचार, भगुवा र काँतर नभई वीर जातिका रूपमा प्रस्तुत गरिएको छ । इतिहासमा आफ्नै राज्य र इतिहास भएका तामाङहरू कहिल्यै कायर हुन सक्दैन । इतिहासमा तामाङहरूले

धेरै लडाइँहरू जितेको पाइन्छ। तामाङहरूको गौरवशाली इतिहासको पुनःनिर्माणका लागि राजालाई गलहत्याएर दरबारबाट निकाल्नुपर्ने, जित हासिल नगरेसम्म युद्ध लडिरहनुपर्ने भन्दै सङ्घर्ष दाइले म्हेन्दोलाई प्रतिरोध गर्न प्रेरित गरेबाट शासकीय वर्चस्वका विरुद्ध प्रतिरोधको चेतना सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

*उर्गेनको घोडा* उपन्यासमा शासकका विरुद्ध प्रतिरोध गर्नुपर्ने कारणलाई प्रस्ट पारिएको छ। शासकहरू कहिल्यै सर्वसाधारण जनताको हुन नसकेकाले जनताहरूले आफ्नो युद्ध चर्किंदै गएको र धेरै सर्वसाधारणको पनि मृत्यु भएको र दुःख भोग्ने सधैँ जनता भएकामा म्हेन्दोको पीडानुभूति यसरी अभिव्यक्त भएको छ :

> मर्न त जनताको भागमा सधैँ मर्ने लेखेको छ। सामन्ती सत्ताको कानुनमै जनताको भागमा मृत्यु लेखिएको छ। सिटामोल खान नपाएर, बाढीले बगाएर मर्ने, औलो लागेर मर्ने, भोकभोकै मर्ने, भीरबाट गुल्टेर मर्ने, खोलामा डुबेर मर्ने, साहूको ऋणमा डुबेर मर्ने, सेनाको बलात्कार सहन नसकेर मर्ने, मर्ने कतिकति लक्षणहरू छन् । मार्ने सत्ता एउटै छ। जनताको रगत चुसेर बाँच्नेहरू महलमा बस्छन् । जनता सधैँ भोकै मर्छन् । यो सत्ता विरुद्धमा बन्दुक उठाउन जरुरी थियो । तर फेरि बलिदान हुनु पनि जरुरी नै थियो । फेरि पनि जनता मर्न तयार छन् तर गरिबमारा व्यवस्थाको विरुद्ध विद्रोह गरेर । (पृ. २४१–२४२)

प्रस्तुत दृष्टांशमा सशस्त्र माओवादी सरकार पक्षका युद्धमा धेरै सर्वसाधारणको मृत्यु भएकामा म्हेन्दोमार्फत पीडा र आक्रोश व्यक्त गरिएको छ। सामन्ती सत्ताको कानुनै जनतामारा रहेको, जनताले सिटामोल समेत खान नपाएको, बाढीले बगाउने पनि जनता, भीरबाट लड्ने पनि जनता, खोलामा डुबेर मर्ने पनि जनता, मेसिनमा चेपिएर मर्ने पनि जनता, ट्रकले किचिएर मर्ने पनि जनता, पुलिसको गोलीले मर्ने पनि जनता, साहुको ऋणमा डुबेर मर्ने पनि जनता, सेनाको बलात्कार सहन नसकेर मर्ने पनि जनता, मार्ने एउटै सत्ता भएकाले त्यसलाई चपरी पल्टाएझैँ पल्टाउन बन्दुक उठाउन जरुरी भएको भन्दै प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ। सरकारसँग वार्ता चलिरहेको प्रसङ्ग उप्काउँदै म्हेन्दोले सेना समायोजनप्रति असन्तुष्ट व्यक्त गरेकी छ। जनताको अवस्था परिवर्तनका लागि बन्दुक उठाइएको भन्दै जनताको अवस्था परिवर्तन नभए फेरि पनि जनता बलिदान दिन तयार हुने भन्दै गरिबमारा सत्ताप्रति आक्रोश अभिव्यक्त गरिएकाले यहाँ शासकीय वर्चस्वाका विरुद्ध सशक्त प्रतिरोधको चेतना प्रस्फुटित भएको छ ।

*उर्गेनको घोडा* उपन्यासमा सरकार र माओवादी पक्षबिच वार्ता चलेको र सेना समायोजनका विषय उठाइएकामा म्हेन्दो र पल्लवीलाई चित्त बुझ्दैन। एम्बुस काण्डपछि म्हेन्दो म्हेन्दो विचलित हुन पुग्छे। माओवादी जनयुद्धको औचित्य सिद्ध नहुने भयले ऊ निराश हुन्छे र विचलित हुन्छे। यसै सन्दर्भमा पल्लवीले म्हेन्दोलाई सम्झाएको प्रसङ्ग प्रस्तुग गर्नु सान्दर्भिक ठहरिन्छ :

> हेर्नुस् त, समाजमा कति परिवर्तन भइरहेको छ। आत्मसम्मान गुमाएका गरिबगुरुवाहरू शिर ठाडो गरेर उभिएका छन् । गाउँलेहरूलाई हलीगोठालो बनाउने, दास बनाएर तिनका गोठमा बाँध्ने मुखिया ठालुहरू गाउँ छाडेर भागे, गाउँहरू मुक्त भएका छन् । पूरै देश मुक्त नभएसम्म यो लडाइँ जारी रहन्छ। धेरै रगत बगिसकेको छ यो महायज्ञमा। सहिदहरूको रगतलाई अपमान गरेर म कसरी भाग्न सक्छु ? तपाई कसरी भाग्न सक्नुहुन्छ ? भागेर कहाँ जाने ?

> भागे पछि पलायनको पीडा चर्को हुन्छ । छोड्नुस् भाग्ने कुरा, मन थाम्नुस् । केही समय अरु लड्नुपर्छ । धैर्य गर्नु'स् । (पृ. २४७)

प्रस्तुत दृष्टांशमा माओवादी जनयुद्धका कारण समाजमा परिवर्तन आएकाले पूरै देशमा परिवर्तन नभएसम्म लड्नुपर्ने विचार पल्लवीमार्फत प्रस्तुत गरिएको छ । माओवादी जनयुद्धले परिवर्तन ल्याएको, गाउँलेहरूलाई हलीगोठालो बनाउने, दास बनाउने गाउँका सामन्त मुखियाहरूलाई हटाउन सफल भएको भन्दै निराश भएकी म्हेन्दोलाई पल्लवीले बिचैमा युद्धलाई अलपत्र पारेर भाग्न नहुने भन्दै सम्झाएकी छे । पल्लवीका अनुसार भाग्नु भनेको सहिदको रगतको अपमान गर्नु हो र पलायनको पीडा अत्यन्तै पीडादायी हुने हुनाले परितवर्तनका लागि धैर्यपूर्वक लड्नुपर्ने भन्दै प्रतिरोधको चेतना अभिव्यक्त गरिएको छ ।

**५. निष्कर्ष**

*उर्गेनको घोडा* उपन्यासमा काठमाडौँ वरिपरिका तामाङ जातिमाथि शासकहरूबाट भएको इतिहासदेखिको पीडा, दमन र उत्पीडनको कथा समेटिएको छ । नेपाल एकीकरणको समयका राजादेखि, राणा शासक र प्रजातन्त्रकालका राजाले समेत आफ्नो वर्चस्व कायम गरी काठमाडौँ उपत्यका र यसका वरिपरि बस्ने तामाङहरूमाथि दमन, शोषण र उत्पीडनमा पारिएको यथार्थलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यिनै राजा महाराजा, राणा शासक र स्थानीय शासकहरूलाई यस उपन्यासमा वर्चस्वशाली वर्गका रूपमा चित्रण गरिएको छ । उनीहरूले तामाङहरूमाथि कहिले हत्या र हिंसाबाट त कहिले विभिन्न संस्कृतिमार्फत वर्चस्व कायम गरेको यथार्थ प्रस्तुत गरिएको छ । यस उपन्यासले तामाङहरूको इतिहास, पहिचान र संस्कृतिलाई सशक्त रूपमा चित्रण गर्दै वर्चस्वशाली वर्गले तामाङहरूको इतिहास, पहिचान र संस्कृतिलाई मेट्ने प्रयास गरेर उनीहरूलाई किनारीकृत पारेकाले त्यसका विरुद्ध सांस्कृतिक, राजनीतिक र आवश्यकताअनुसार भौतिक रूपमै पनि लड्नुपर्ने भन्दै प्रतिरोधको चेतना सशक्त रूपमा अभिव्यक्त गरेको छ । उपन्यासमा आफ्नो जातीय इतिहास र पहिचानका लागि म्हेन्दोले माओवादीमा लागेर राज्यका विरुद्ध सशक्त प्रतिरोध गरेकी छे । विगतमा पनि आफ्ना पुर्खा तामाङहरूले सशक्त प्रतिरोध गरेको कुरा यसमा वर्णन गरिएको छ । जातीय मुद्दालाई उपेक्षा गरिएको भन्दै माओवादीभित्रै पनि दोर्जेले प्रतिरोध गरेको छ । यसरी यस उपन्यासमा सत्ता परिवर्तनकै अवस्थामा पुग्ने गरी प्रतिरोध भएको देखिन्छ । अतः *उर्गेनको घोडा* वर्चस्वका विरूद्ध जनजातीय प्रतिरोधको चेतना सशक्त भएको उपन्यास हो ।

(यस लेख दर्शनाचार्य-विद्यावारिधि तहको 'गणतन्त्रोतर नेपाली उपन्यासमा जनजातीय चेतना' शीर्षकमा गरिएको शोधकार्यमा आधारित रहेको छ । यस कार्यका लागि अनुदान आयोगले उपलब्ध गराएको पूर्ण विद्वत्वृत्तिको मेरो अवार्ड नं.: Phil-78/79-H&S-11 हो । यसका लागि पूर्ण विद्वत्वृत्ति उपलब्ध गराई सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, संस्थाका पदाधिकारी र सदस्यहरूप्रति म विशेष आभार प्रकट गर्छु । साथै आगामी दिनमा पनि यस संस्थाबाट म अध्ययन तथा अनुसन्धानमा यस्तै सहयोगको अपेक्षा समेत गर्दछु ।)

**सन्दर्भ सामग्रीसूची**

उप्रेती, सञ्जीव (२०६३) *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', *भृकुटी,* (भाग १९, असार) पृ. ११–४६ ।

ढकाल, घनश्याम (२०६७), 'उत्तरआधुनिकतावाद : सार एक रूप अनेक', *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत्र), पृ.१९१–२०१ ।

पाठक, युग (२०७४), *उर्गेनको घोडा,* काठमाडौँ : फाइन प्रिन्ट ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* (भाग १९, असार) पृ.३३५–३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।